# आस्थाको राजनीति, हत्याको गन्ध र विश्वासको सङ्कट

*–कृष्णचन्द्रसिंह प्रधान*

दिउँसै रमन घुम्ने गरेझैं गस्ती/लगाइरहने मृत्यु पनि अपरिचित भएन । अस्ति अस्तिसम्म मुस्किलले देखिने कालसित अब त जतातर्तै भेट भइरहन्छ - गल्ली- गल्छेडो, सडक, मोड र एकान्तहरूमा, भीडहरूमा, शल्यचिकित्साका टेबिलहरूमा दिउँसो, समसाँझै, रातबिरात जुनसुकै बेला । ट्वालट्वाल्ती हेरिरहेका सबै ठाउँहरू आँखाभई पछ्याइरहेका हुन्छन् ।

यो विकरालता विद्यमान रहेको अवस्थितिले सन्त्रस्त म जति छल्न खोजे पनि सक्तिन । कुमालकोटीको अगिल्तिर कीराहरूको करजोरी- के अर्थ छ यस विनम्रताको ? हेर्दाहेर्दै आतङ्कित हुनेहरू जो पनि कुमालकोटी भइसके छन् । तिमी कुमालकोटी भइसक्यौं । पछि लाग्नेहरू कुमालकोटी भइसके ।

ओह टाउको माथि झुन्डिएको मृत्युको घण्टी झैं लगातार आवाज आइरहेछ बस्तीमा हत्या, बिस्फोट, दुर्घटनाहरूको टेम्पो-ट्रकको धूवाँ, दुर्गन्ध ओसार पसार गर्ने हावा, मलमूत्र बग्ने नदी, उद्यान बनेका दोबाटो-चौबाटोहरू, फोहर पानी, बिखालु तेल, मिसावटी खाद्यान्न सबैको सामूहिक आक्रमण नेता, शिक्षक, डाक्टरहरू समेत गन्हाइसके- सब दूषित, सबै कलुषित ।

आशंकित मृत्युको यस जोखिमपूर्ण उपस्थितिमा सुरक्षित छु भनेर कतिलाई ढाँट्ने ? यथास्थानमा प्रहरीको चौकी छ- सडकमा मान्छे मारिन्छ, कसैको सिन्दूर मेटिन्छ, प्रहरीहरू गस्ती लगाइरहन्छन्- उता कोही बलात्कृत हुन्छ, कसैको अस्तित्व लुटिन्छ । अवान्तरको मृत्यु खेपेर दिन काट्नुपर्ने सन्धिसर्पनमा कालीसितको जम्काभेट सामान्य घटना भइसक्यो- लेवनानमा पड्किने बन्दूकभन्दा त्रासद, कोसोभोमा मारिने मान्छेभन्दा सस्तो, जम्मु-काश्मिरको सिलसिलाद्ध हत्याभन्दा मामुली, ओछ्याइएको भूमिगत बारुद कुल्चेर विस्फोटित हुनेभन्दा डरलाग्दो भोग्न र खप्न खप्पिस हामीहरू लेवनान, कोसोभो, काश्मिरका जनताजस्तै, विस्फोटक पदार्थ पन्छाउने काममा खटिएका सिपाहीजस्तै बाँच्न पाएको दिनलाई आपसमा बधाई साटासाट गर्ने बडा दिन ठानेर भगवान्लाई धन्यवाद दिन्छौं ।

कहिलेदेखि यमपुरीको राजधानी भएछ नेपाल यकिन गर्न सक्तिन । तर सिंहदरबारलाई सचिवालय बनाएर हिजोका यमराजहरूले पनि यहींबाट शासन गरेका थिए, प्रजातन्त्र पुनर्स्थापनापछि पनि यहींबाट शासन गर्न थालेका रहेछन् आजकाहरू भन्नेसम्म थाहा भयो । जताततै उनीहरूकै मान्छे । विभाग, मन्त्रालय, संस्थान, शिक्षालय जहाँ पनि आफ्नै मान्छेहरू तैनाथ गर्ने होड नै चलेछ सरकारमा जाने दलहरूभित्र । हैन भने स्वर्गको ढोका नै खुल्दोरहनेछ ।

बढ्दो महडीमा सस्तो भन्नु नै मान्छे त हो नि - यही एउटा सस्तो ज्यान । काल भइदिने कुमालकोटीहरूलाई त केको सुरक्षा चाहिएको छ । मृत्यु भने हामी चढ्ने मोटरको स्टेरिङदेखि डाक्टरको औजार, ओख्तीमूलोमा बसेर कसैलाई पर्खंदो रहेछ । सास फेर्ने वातावरणमा मृत्यु, सुरक्षा प्रहरीको बन्दूकमा मृत्यु, गरिबीमा मृत्यु, भ्रष्टाचारमा मृत्यु, महडी, प्रजातन्त्रमा पनि मृत्यु त्यसैले पो हामी बिस्तारै बिस्तारै मरिरहेका छौं । म अलिअलि गरेर मरिरहेको छु, तिमी खण्डकाण्डमा विभाजित भएर मरिरहेका छौं । कतिसम्म भने नेताहरूको अनुहारमा पनि यमराजलाई देख्न थालेछौं । उनीहरूको घोषणा, वाणी-वचन, योजनामा दीर्घकालीन महामारीको अशुभ सङ्केत देखेर हो कि आश्वस्त हुनै छाडिसकें । अब त विरोध र समर्थनमा पनि ह्रास षडयन्त्र गन्हाउन थालेछ । त्यसैले खाने किरिया, दिने आश्वासन, गर्ने सङ्कल्प नौसागरको रक्सी जस्तो लाग्छ । विश्वासै गर्न सक्तिनँ ।

यति छिटो विश्वासको सङ्कट आइपर्ला भनेर सोचेकै थिइनँ । एक अर्कालाई समाप्त गर्ने व्यक्तिगत स्थार्थका लागि भीडन्त देखेर कोही किन निराश नहोऊन ? सङ्क्रामक रोगभएर फैलिएको परिणतिभित्र के के भयो स्पष्ट गर्नु परोइन । सर्वसाधारणका निम्ति भने पूरा दशककै हत्या भए छ रगत खेर गएकोमा अलिकता आँसु पोख्छन् । प्रजातन्त्र बदनाम भएकोमा अलिकता शिर झुकाउँछन् । मृत्युबोध त हुने नै भो । जितेर पनि क्रिया बस्नेहरूको अनुहार देख्छु मानिसहरूमा । प्रजातन्त्रमा पनि पञ्चायती हाटबजार लाग्दोरहेछ ।

यसरी अर्थहीन भएछन् हाम्रा त्यागहरू । यसरी खस्किसकेछन् हाम्रा स्वाभिमानहरू । यसरी झरिसके छन् हाम्रा मूल्य-मान्यताहरू । यसरी बिर्सिसकेछन् प्रतिज्ञा, अठोटहरू । अझै पनि पापको कमाइले धुन खोजिरहेछु विगतलाई । अझै पनि पद र प्रतिष्ठाले छोप्न चाहिरहेछु दागलाई । अझै पनि ओझेलमा परिएला भनेर झेल गर्दैछु बाँच्नलाई ।

मान्छेले गर्दै आइरहेको काम भनेर निरन्तरता दिनेलाई अपराधी भन्ने कसरी ?

पुनर्स्थापित प्रजातन्त्रको विरोध गरेर यो प्राप्ति नै होइन भन्न खोज्ने हिजोका माननीयहरूलाई धृष्ठता गर्ने अवसर दिएर मैले आत्मघात गरिनँ कसरी भन्नसक्नु ? आफैले उचालेको पाइला र गरेको सङ्कल्प विपरीत अप्रतिबद्ध भई उदासीन हुने म, मेरो गैर जिम्मेदारीमा त्यसका प्रति वितृष्णा बढेको होइन भनेर म कहाँ अपराधमुक्त हुनसक्छु ? आ-आफ्नो स्वार्थ, दलीयता र सङ्कीर्णताको सापेक्षतामा देश सधैं तिरस्कृत भइदिएको छ । अपेक्षित भइदिएका छन् जनता हामी मनुष्यहरू भने यहाँको अवन्नति र पतनमा मेरो हात छैन, भूमिका छैन भनेर कसरी पन्छिन सक्छ ?

फुटपाथ र भृकुटीमण्डपको फौबञ्जारेहरूको सस्तो बजारभन्दा कति माथि उक्लेछौं हँ हामी, हाम्रो राजनीति ? सवारीयामको सहरभन्दा पनि ? विकासे मूला र ठमेली सजधज, आधुनिकताभन्दा पनि ? पपगीत, टिमुरे स्वाद र त्यसको तिक्खरताभन्दा पनि ?

अचेल त कालगतिले मर्नै पर्दैन । हो यसैलाई आपराधिक मृत्यु भन्दा रहेछन् । ज्यूँदै मरिरहेकाहरूको मृत्युमा कहाँ कोही आफै मर्छन् ? यस्तै हुन्छ आपराधिक मृत्युहरू । अपराध कसैले गर्छ, मर्छ कोही । बलात्कार गर्ने एउटा हुन्छ, झुन्डिएर मर्छ अरू नै । यो अरू, अरू कोही होइन विचरो जनता हो - सर्वसाधारण मानिसहरू जो अपराध नगरिकनै अपराधीले भन्दा बढ्ता सजायँ भोग्न शापित भए । कठैबरा रैती भएर शोषित भएनन् कि ? शाबित भएर दण्डित भएनन् कि ? सामाजिक असमानता भोगेर दुःख पाएनन् कि ? आन्दोलन गरेर जेल परेनन् कि, डन्डा खाएर नेल लगाएनन् कि ?

अपराध गर्नेहरूको अचाक्ली टोलले खप्छ, व्यक्तिले होइन, समाजले भोग्छ ऐरेगैरेले होइन । निन्दनीय कामबाट देश बदनाम हुन्छ नेताहरू होइन । भूल राजेन्द्रलक्ष्मी गर्छिन्, उनको आक्रोश र प्रतिशोधको दण्ड भोग्छ देशले १०४ वर्षसम्म राणाहरूको दास भएर । प्रजातन्त्र मासेर बी.पी., गणेशमानहरू होइन नेपाली जनता दण्डित भए र तीस वर्षसम्म रोगाएर कुँजिनुपर्‍यो हामीलाई आपराधिक मृत्यु र प्रजातन्त्र एउटै होइन । दुवै माझ सम्झौता भइदियो भने झन् के चाहियो ? अरूहरू खराब नियतका असल भनाउन चाहनेसँग दाँजेर आशङ्कित हुन सचेत गर्छन् । मान्छे यसरी छाडा भइसके छन्, अविवेकी भए छन् , उद्दण्ड भए छन्, अपराधी भए छन् । बरालिएर सबै आशङ्काहरू, अनिश्चितताहरू छरिन्छन् वातावरणमा र नेतृत्व नभएको देश जस्तो दिशाहीन प्रतीत हुन्छौं । विरोध भनूँ भने खै, कसैलाई देखाउने घुर्की जस्तो लागिसक्यो । पूरा हुनेबित्तिकै एउटाले अर्कोको ठाउँ लिन्छ- पुनरावृत्ति भइरहन्छ सोहीक्रममा अनि कुमालकोटी आतङ्कले निस्तब्ध, निरालम्ब देश, जनता हेरेको हेरैहुन्छ ।

निराश र आक्रोशित मान्छेहरू अराजक भइदिन्छन् । कोही भने ससाना कुरामै खोते थाप्छन् । विध्वंसक भई प्रस्तुत हुन्छन् । हिजो आज भने आतङ्ककारी र माओवादी भइदिएर सातोपुत्लो लिन धेरैलाई सजिलो परेको छ । आपसमा एक अर्कोसँग भीड्न, कुटपिट गर्न र हत्या पर्यन्तका लागि पछि नहट्नेहरू देख्दा तिनीहरूको स्तर, खानदान, वर्गीयता, शिक्षा क्यै पनि त आधार नठहरिने परिणतिमा अनियोजित देख्छु ।

**२२ मङ्सीर २०५५ को समाचार :**

रँती ९-३० बजे घर फर्कँदा रिक्साबाट ओरालेर निजलाई प्रहरी बिटमा लगी अचेत हुने गरी .....ठटाए छन् । यसपछि भ्यानमा हाली बाटोभरी बुठले गोदेर जिप्रका पुऱ्यायो । जिप्रकाको दाबी छ शम्भु साहले मादक पदार्थ सेवन गरेकोले कार्यालयमा ल्याइएको हो ।

शम्भु शाह रहेछन् उपभोक्ता मञ्च धनुषा र मिथिला लायन्स स्कुलका अध्यक्ष ।

३ माघ २०५५,

जिविस निर्वाचनको प्रचार-प्रसार गर्ने काममा चोरजहारी नजिकै हिंडिरहेका नेपाली काङ्ग्रेस रुकुमका सभापति हरिभक्त ओलीलाई ५।६ जना माओवादीहरूले घेरी आक्रमण गरे। निजको घटनास्थलमै मृत्यु भयो।

१३ फागुन २०५५ कान्तिपुर।

घरमा सुतिरहेको सल्यान जिल्ला गाविसका एमाले वडा उपाध्यक्ष हरसिंह नेपालीलाई उठाएर खोल्सामा लगी माओवादीहरूले खुकरी प्रहार गरी हत्यागरे।

"सयौं बलात्कार, थरीथरीका बलात्कारी" विमेन्स वाचले सार्वजनिक गरेको रोमाञ्चकीय समाचार त्यसमा भनिएको छ - सन् १९९९ मा २ सय २३ वटा बलात्कारका घटनाहरू घटे। प्रहरी र साधुहरूद्वारा गरिएको सामूहिक बलात्कारदेखि ३७ वर्षीय पुरुषले १० महिनाकी बालिकालाई, १२ वर्षको केटोले २० वर्षकी युवतिलाई, ६ वर्षीया बालिकालाई ६५ वर्षीय वृद्धले र १ जना बालिकालाई ५ जना युवकले १० घण्टासम्म सामूहिक बलात्कार गरे।

दूराचार र असामाजिकताको यो सानो उदाहरण अवश्य पनि रोमाञ्चक लाग्यो होला। आफैले भ्रष्टाचार गरेको र आफ्नै आत्मस्वीकृतिको कथा सुनेर अझ भोलिको पुस्ता कति रोमाञ्चित हुनेहुन् ? कति विक्षुब्ध ?

सीपी मैनालीले भनेका छन् -

अल्पमतको सरकारमा आपूर्तिमन्त्री हुँदा पार्टीको तर्फबाट सरकारमा बसेर मैले कमिशन लिएको थिएँ।

राजधानीमा आयोजित कार्यक्रममा दिइएको बयान। टिपोट नारायण वाग्लेको।

यसमा वरिष्ठ अधिवक्ता गणेशराज शर्माको टिप्पणी छः

संयुक्त राज्य अमेरिकामा यस्तो रहस्य सार्वजनिक भएको भए तत्काल कानुनी प्रक्रिया शुरू हुन्थ्यो।

आफ्नो पार्टीका तत्कालीन पाँचजना सांसदलाई किन्न प्रतिव्यक्ति १० लाखका दरले एमालेले पठाएको ५० लाख रूपियाँको सुटकेस छ मसँग।

राप्रपा अध्यक्ष सूर्यबहादुर थापाले प्रतिनिधि सभामा दिएको जानकारी।

अनि एमालेलाई विभाजित गर्न नेपाली काङ्ग्रेसका तर्फबाट तीन करोड रुपियाँ खर्च गरेको तथ्य सार्वजनिक गर्छन् पूर्व गृहमन्त्री खुमबहादुर खड्का।

अर्कोतिर सरकार बनाउनका लागि आफ्नो मन्त्रिपरिषद्का पाँच जना सदस्यलाई रातारात बैंकक उडाएको कुरा सकार्छन्  पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा।

बैंकक उडानदेखि रातो पासपोर्ट काण्ड लगायत सांसदहरूको अपहरण, किनबेचको क्रियाकलापलाई चलन चल्तीको भाषामा अनैतिक भने अनि राजनीतिक अपराधको सङ्ज्ञा दिन्छन्। यति सहज, सामान्य किसिमले भइदिन्छन् मानुँ दिनचर्याभित्रै सम्पन्न हुने कुनै नियमित प्रक्रिया हुन् - निर्धक्क, निःसङ्कोच र निर्भयताका साथ। सरकार नभएको राज्यको रैती झैं अलपत्र परेको जनतासित कसैको सरोकार छैन। कानुन छ, प्रहरी छन्, सरकार छ फेरि पनि असुरक्षित ठानेर भयभीत हुनु परेको छ मान्छेलाई।

होइन, म जङलमा छु कि आदिवासीहरूको बस्तीमा ?

हरिभक्त ओली र हरसिंह नेपाली जस्ताको हत्याले यो सोचिरहेछ । माओवादी आक्रमण र आतङ्ककारीहरू-बाट सन्त्रस्त हुनेहरूले यो प्रश्न उठाइरहेका छन् । प्रहरी-गोदाइ र हिरासतमा मर्ने अभियुक्तहरूले यो प्रश्न गरिरहेका छन् । अनि प्रश्न गरिरहेका छन् दिउँसो बैंक तथा सुनचाँदीको पसल लुट्नेहरूबाट र (१५ जेठ ०५६ क. दिउँसो १-१५ बजे राजधानीको अति व्यस्त बजार ठहिटीको सुनचाँदीको व्यापारी सुदन शाक्यको घरबाट झन्डै १ करोड रुपियाँको सुनचाँदी, नगद लुटेको घटना । - ५ साउन २०५६ कान्तिपुर ख. झापाको विर्तामोडस्थित एसबीआई बैंकबाट शुक्रवार दिउँसो ११ बजे २० लाखभन्दा बढी रुपियाँ डकैती गरेको । - २२ साउन २०५६ कान्तिपुर) आतङ्कित हुनेहरूले ।

अखबारमा खबर आइरहन्छ । म पढिरहन्छु । एउटा खिन्नता आँखा अघिल्तिरको आकाशमा देखिएर अँध्यारोमा सलबलाउँछ । म खबर पढ्छु र पढेर पनि बिर्सन्छु । कति समाचार बन्न नपाउँदै तुहिन्छन्, कति छापामा आइहाले पनि नआए जतिकै मिल्किन्छ ।

यतिकै मिल्किएको थियो एउटा टुरिष्टको मृत्यु पनि । खातेहरू र लावारिस मानिसको मृत्यु जस्तै अर्थहीन, बेमतलबको । त्यसलाई दुर्घटना भने । हो त्यो दुर्घटना नै थियो । काठमाडौंको व्यस्तसडक, भीडभाडको बजार, उपत्यका भित्र र बाहिर आउने जाने कालिमाटीको हाइवेमा घटेको घटना । बेलुका १० बजे । दश बजे त त्यहाँको सटक बिम्झेकै हुन्छ, बजार बिम्झेको हुन्छ, सहर बिम्झेको हुन्छ । गाडी आइरहन्छन् गइरहन्छन् । मानिस निदाइसकेकै हुन्न । होटल सोल्टी निदाएको हुन्न ।

त्यसोत घटना मामुली नै भन्नुपर्छ । दुर्घटनामा कसैको ज्यान गएको हुन्न । मोटर-मोटरसाइकलले हान्ने कुरो कुन ठूलो हो- यस्तो त दिनहुँ घटिरहन्छ । म अखवारमा पढ्छु र सुन्ने गर्छु  । तर घटना सामान्य भए पनि ठक्कर दिनेका लागि भने दुखदायी भएछ- निकै कठोर, बर्बरतापूर्ण र अमानुषिक मृतक जयप्रकाश प्रधानाङले त्यस्तै दुर्भाग्य खप्नुपर्‍यो । सटक छेउको घर नजिकै मोटरसाइकल छ, याण्डिलमाथि हेलमेट, साँचो मृतकको जाकेटको गोजीभित्र भन्छन् । क्या अचम्म दुर्घटना हुने बित्तिकै अचेत हुने र अचेतको अचेतै मर्नेले कसरी भ्याएछ हँ यी सब गर्न ? त्यसैले सामान्य चोटपटकबाहेक कसैलाई क्यै भएकै होइन- मानिस निष्कर्षित हुन्छन् । यो पनि प्रमाणित नभएबाट इमान्दारीपूर्वक तहकिकात नभएकोमा आशंकित हुने नै भए । यस्तोमा स्थिति कति जोखिमपूर्ण रहेछ- तिमी सोच्न सक्छौं । कोही बोल्दैन भने रहस्य के हो अनुमान गर्न सक्छौं । खुशी लाग्यो साक्षीको अभावमा कसैलाई ज्यानमारा साबित गर्ने बेइन्साफी निर्णय भएन छ

अनुसन्धान गर्नेका लागि कति उर्बर छ हाम्रो भूमि र रहस्यैरहस्य भरिएको गोप्यता सार्वजनिक गर्न पाएको भए कति सत्य खुल्थ्यो ?

म जो यस सत्यको अवहेलना गरी त्यसभन्दा परको रहस्य बुझ्न खोजिरहेछु- कहाँ सम्भव हुन्छ ?

चीत्कार सुनेर पनि सुन्दै नसुन्ने दुई कान छन् मसित । थिचोमिचो, बलात्कार देखेर पनि देख्दै नदेख्ने दुई आँखा छन् हामीसित । यिनै कान, आँखाका मान्छे हुँ म, हामीहरू, वरपरका छिमेकी, देश र सरकार पनि जहाँ जयप्रकाशहरू मर्छन्, मारिरन्छन्, दुर्घटित हुन्छन् तर देख्दैनौं । साँढे मात्रै जुधे पनि भीड लाग्नेहरूको देश, तिनीहरूको सामु ज्यानै जाने दुर्घटना हुँदा पनि नदेख्ने, नसुन्नेहरूलाई नै प्रमाण बनाएर साक्षी-सरजमिन गर्नेहरूको विरुद्ध कुनै अदालत छ र उजुरी गर्ने कुरा गर्छौं ? मान्छेको विरुद्ध अन्याय गर्‍यो भने दण्ड दिने कुनै नेता छन् ?

हामी अपराध हेर्दैनौं, अपराधको खोजीनीति पनि गर्दैनौं । पहिले अपराधीलाई हेर्छौं, अपराधीहरू, हुनसक्छ ठूलाबडाका कोही होलान्, आफ्नै पार्टीको मान्छे, नेताका सम्बन्धी, शहीदका छोरा-नाति, मन्त्रीहरूको सहोदर अथवा धनीमानी, साथीसहचर । तिनीहरूको आँखा त हुन् देशको आँखा भनेको र सरकारको पनि आँखा भएर तिनै आँखाले देशलाई हेर्छ । सरकार यस्तै आँखा, कानका मान्छेहरूको हो- त्यस्तै त्यस्तै आँखा, कानका हामी जस्तैले बनाएको सरकार हो यो । त्यसैले सरकारको आफ्नै आँखा हुँदैन, आफ्नै कान हुँदैन । त्यो भनेको हामी हौं- देखेर पनि नदेख्ने कालिमाटीको आँखाजस्तो, त्यहाँको रेष्टुरेन्टको आँखा जस्तो, छिमेकीहरूको कान जस्तो

जहाँ कति जयप्रकाशको मृत्यु दबिएको होला, दुर्घटनाहरू दबिएका होलान् तर कसैले देख्दैन, कसैले सुन्दैन । किनभने उनीहरूको हेर्ने आँखा छैन, सुन्ने कान छैन । जाँड खाएर होस हराउनेहरूको डरले थर्कमान टोल, सँधियार, रेष्टुराँहरू एकोटा साङ्ला हुन् कुमालकोटीको डरले आफै कुमालकोटीमा परिणत भइसकेछन् । तिनीहरूको रूप फेरिएछ, बोली फेरिएछ, भाषा फेरिएछ । अनि साबित हुन्छ जयप्रकाशको मृत्यु एउटा दुर्घटनाहो ।

वास्तवमा आपराधिक मृत्यु त बेथितिकालको यथार्थ भएर घट्दो रहेछ । यसलाई उपद्रवीहरूको हूलहुज्जत, दिशाहीनता र छाडापनको नजिर भनुँ । तर प्रश्न कसैको मृत्युको होइन, हत्याको पनि होइन । यो त आस्था, विश्वास र आँखामा सपना भुण्ड्याएर हिँड्नेहरूको आशा-अकांक्षामाथि एउटा आघात थियो समृद्ध देश, अधिकार सम्पन्न जनता, समुन्नत भविष्यको अभियानको सापेक्षतामा हासिल गरेको प्रजातन्त्रको यो यात्रा, आचरणहरू आफैमा कति ठूलो व्यङ्ग्य भइदिएछ ?

मेरो आशय मानवीय मूल्य, मर्यादासित छ । केही नैतिकतासम्बन्धी प्रश्न हुन् यिनीहरू र आदर्श र मान्यता बारेको कुरा हो जसको रिक्ततामा अपराध गर्दोरहेछौं, अपराध भइदिंदो रहेछ ।

अब त ज्यानमाराले मात्रै ज्यान लिन्छ भन्ने भ्रममा बस्नुभएन । हो, चोरले मात्रै चोर्छ भन्ने कुरा गलत भइसक्यो । आततायीले अपहरण गर्ने र घुस्याहाले मात्र घूस खान्छ भन्ने सत्य होइन, नपत्याएर भयो । त्यसै पनि बदनाम भइसकेकाहरू, तिनीहरूले त भुक्याउनै सक्तैन । तर पढेलेखेकाहरू, भद्र-भलादमी, डाक्टर-इन्जिनियर, नेता र सज्जनहरूलाई कसैले हत्यारा, भ्रष्ट, घुस्याहा, बेइमान भन्यो भने तिमी पत्याउँछौ ? कसैले विश्वास गर्छ यदि गोविन्दराज जोशीलाई घुस्याहा र विजयकुमार गच्छदारलाई दुराचारी । भन्यो भने ? वामदेव, राधाकृष्ण वा केपी शर्मा ओली, झलनाथहरुले भ्रष्टाचार गरे भन्यो भने सही थाप्नेहरू कति होलान् ? कसले हो भन्छ ?

एकजना साथी भन्थे- नेपालमा सबैभन्दा धनी कोही छन् भने ती हुन् नेता, पार्टीहरू । उनीहरूलाई कसैले भेट्टाउन सक्तैन- सेठ, साहू-महाजन, ठूलाठालु कसैले पनि उछिन्न सक्तैन । सत्य नै भएकोले म यो भनिरहेको होइन, मनोरञ्जक लागेकोले भन्दैछु ।

तर यसले एउटा गम्भीर प्रश्न हाम्रो सामु उभ्याइदिन्छ । त्यो हो ह्रास हुँदै गएको मूल्य, मान्यता, आदर्श र विश्वासको सङ्कट ।

यो दृष्टिले टिप्पणी निकै रमाइलो लाग्ला, रोचक र विचारणीय लाग्ला । कम्तीमा फोहर राजनीति गर्नेहरूप्रति अनास्था रहेको आशङ्कित यथार्थको यो सङ्केत हो र यसलाई सार्वजनिक गर्छ ।

ह्रास र अधोगतितर्फको यो अभियान स्वयम्मा कति करुण छ र विद